prabhu Bank

मिति: …………………

## प्रभु ई-बैंकिङ्ग (e-Banking) सेवा निवेदन फारम

प्रभु बैंक लिमिटेड

…………………………………शाखा कार्यालय

महोदय,

म/हामी, प्रभु बैंकको ई-बैंकिङ्ग सेवा पाउन आवेदन गर्दछु/गर्दछौ ।

**खातावालाको विवरण:**

पुरा नाम- १ (देवनागरीमा) : श्रीमान / श्रीमती/सुश्री…………………………………………………………………………

Name in Capital Letters : Mr./Mrs./Miss……………………………………………………………………………

संयुक्त खाता भएमा,

पुरा नाम- २ (देवनागरीमा) : श्रीमान / श्रीमती/सुश्री…………………………………………………………………………

Name in Capital Letters : Mr./Mrs./Miss……………………………………………………………………………

ठेगाना : ……………………………………………………………………………………

इमेल : ……………………………………………………………………………………

टेलिफोन नंम्बर : ☐☐☐☐☐☐☐☐☐☐

मोबाइल नंम्बर : ☐☐☐☐☐☐☐☐☐☐

**सेवा चाहिने खाताहरु:**

| क.सं | खाता नंम्बर | खातावालाको नाम | खातावालाको हस्ताक्षर | प्रमाणित गर्ने |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

**कृपया आफुले लिन खोजेको सेवामा चिन्ह (√) लगाउनुहोस:**

☐ **सोधपुछ** • खाताको जानकारी • खाताको विवरण • एल.सी र ग्यारेन्टिको विवरण

☐ **अनुरोध** • चेक बुक • मेनेजर्स चेक • गुड फर पेमेन्ट • चेक रोक्का

☐ **कारोवार** • रकमान्तर • तेस्रो पक्ष रकमान्तर • सेवा भुक्तानी

कृपया म/हामीलाई तल उल्लेखित बढिमा ६ अक्षरको प्रयोगकर्ता परिचय (USER ID) मध्ये कुनै एक उपलब्ध गराईदिन अनुरोध गर्दछु/छौ । यदि यसको प्रयोग पहिले नै भैसकेको भए, म/हामी बैंकले आफ्नै निर्णयले उपलब्ध गराएको प्रयोगकर्ता परिचय (USER ID) लिन मंजुर गर्दछु/छौ ।

१. ☐☐☐☐☐☐ २. ☐☐☐☐☐☐ ३. ☐☐☐☐☐☐

यस निवेदनको पछाडि पृष्ठमा उल्लेखित ई-बैकिङ्ग सेवा सम्वन्धी सबै नियमहरु पढि बाँची बुझेको छु/छौं र हालको प्रचलित नियम र पछि लागू हुने नियमहरु पालना गर्न समेत मंजुर गर्दछु/गर्दछौं ।

______________
आवेदकको हस्ताक्षर
मिति:

---

**कार्यालय प्रयोजनको लागी मात्र**

**आवेदन प्राप्त मिति:** ☐☐☐☐☐☐

**खाता नंम्बर:** ______________

**दर्ता नं:** ______________

**स्वीकृत प्रयोगकर्ता परिचय (USER ID):** ☐☐☐☐☐☐

**प्रमाणित गर्ने :** ______________

**अनुमोदन गर्ने :** ______________

**सिफारिस गर्ने :** ______________

**मिति:** ______________

## *प्रभु ई-बैंकिङ्ग सेवाका शर्त तथा नियमहरु*

**१. सेवा प्रयोग सम्बन्धि नियमहरुः**

१.१ बैंकसँग दर्ता भएको प्रयोगकर्ताको नाम (user name) र पासवोर्डको गोपनियता कायम गर्नुपर्ने जिम्मेवारी ग्राहकको हुनेछ ।

१.२ ग्राहक पहिचानको लागी बैंकले प्रदान गरेको प्रयोगकर्ताको नाम (USER ID) र पासवोर्ड सम्बन्धि बैंकले निवेदन फारममा वा अनलाईन रुपमा प्रदान गरेको निर्देशन ग्राहकले पूर्णरुपमा पालना गर्न पर्नेछ ।

१.३ ग्राहकले जुनसुकै समय पासवोर्ड परिवर्तन गर्न सक्नेछ तर प्रयोगकर्ताको नाम भने परिवर्तन गर्न सकिने छैन । ग्राहकले बैंकबाट नाम र पासवोर्ड प्राप्त गर्ने बित्तिकै तुरुन्तै पासवोर्ड परिवर्तन गर्नु पर्नेछ ।

१.४ ग्राहकले कुनै गैर कानुनी माध्यमबाट ***प्रभु*** ई-बैंकिङ्ग सेवा प्रयोग गर्ने प्रयास गर्न वा गर्ने निर्देश दिन हुने छैन।

१.५ ग्राहकले प्रयोगकर्ताको नाम (user name)/ पासवोर्ड हराएमा/बिर्सिएमा तत्काल बैंकलाई जानकारी गराउनु पर्दछ ।

१.६ ई-बैंकिङ्ग सेवा कुनै परिस्थितिमा पनि ग्राहक बाहेक अन्य व्यक्तिहरुमा हस्तान्तरण हुने छैन । बैंकले यी सेवाहरु पूर्ण रुपमा ग्राहकले मात्र प्रयोग गर्ने अख्तियार प्रदान गरेको छ ।

१.७ बैंकको कारोवार विवरण अभिलेखहरु नै ग्राहकले आधिकारिक अभिलेख र वाध्यात्मक अभिलेखको रुपमा स्वीकार गर्नु पर्दछ ।

१.८ यस सेवा मार्फत गरेको कार्यहरु नियमित र व्यवसाय प्रणाली अनुरुप उचित र व्यवहारिक हुन् भन्ने लागेमा बैंकले ग्राहकको आदेश पालना गर्नेछ ।

१.९ ई-बैंकिङ्ग सेवाको प्रयोग प्रचलित कानुन तथा बैंकको नीति अनुसार हुनेछ ।

१.१० बैंकले समय समयमा सेवा उपलब्ध गराए बापत माग गरेको विवरण ग्राहकले उपलब्ध गराउनु पर्नेछ ।

१.११ बैंकले प्राप्त गरेको सबै आदेशहरु आफ्नो स्वविवेकमा कार्यान्वयन गर्न सक्दछ र कुनै दायित्व बिना ग्राहक वा ग्राहकले दिएको आदेश कुनै पनि समय सूचना दिई वा नदिई रद्द गर्न वा कार्यान्वयन गर्न अस्वीकार गर्न सक्दछ ।

१.१२. प्रचलित कानुन अनुसार कुनै पनि व्यक्ति/संस्था लगायत तेस्रो पक्षलाई खाता सम्बन्धि सूचना प्रदान गर्नु पर्ने भएमा सो अधिकार बैंकलाइ रहने छ ।

१.१३.बैंकले कुनै पनि समय, सूचना वा कारण दिई वा नदिई ग्राहकले प्रयोग गरिरहेको सेवाहरु निलम्बन वा स्थगित गर्न सक्दछ ।

**२. दायित्व सम्बन्धि शर्तहरुः**

२.१ ग्राहकल् (ई बैंकिङ्ग सेवा प्रयोगकर्ताले) तल उल्लेखित अवस्थामा बैंकको कुनै पनि दायित्व नरहने मंजुर गर्दछु/छौ:

२.१.१ उल्लेखित कुनै पनि शर्त तथा नियमहरु उल्लंघन गरेमा वा

२.१.२ कुनै पनि अनाधिकृत पहुँचबाट भएको गलत कारोवार पर्याप्त समय भित्र बैंकलाई जानकारी नगराएको खण्डमा भएको क्षतिमा

२.२ यदि प्राकृतिक प्रकोप, कानुनी अड्चन, दुरसंचार नेटवर्कको गल्ती/असफलता लगायत, बिभिन्न कारणहरु वा बैंकको काबू बाहिरका अन्य कारणहरुबाट सेवा उपलब्ध हुन नसकेमा वा कुनै पनि ई-बैंकिङ्गबाट दिएको आदेश कार्यान्वयन गर्न असफल/ढिलाई भएमा बैंक जवाफदेही रहने छैन ।

२.३ कुनै पनि computer/cyber अपराध जस्तै ह्याकिङ्ग आदि र कुनै अनाधिकृत कारोवार वा गैरकानुनी र जाली पद्धतीबाट गरिएको कारोवारबाट उत्पन्न हुने कुनै पनि जोखिम, शुल्क, क्षति प्रति बैंकको कुनै दायित्व रहने छैन, सोबाट उत्पन्न हुने जोखिम र आर्थिक क्षति प्रति खातावाला स्वयम् जिम्मेवार रहनेछ । साथै यसरी उत्पन्न हुने क्षति प्रति बैंकले निर्णय गरे बमोजिमको क्षतिपूर्ती तिर्न ग्राहक बाध्य हुनेछ र यस्ता ग्राहकहरुको सेवा बन्द गर्ने अधिकार बैंकमा निहित रहनेछ ।

२.४ यस सेवाबाट पठाइएको व्यक्तिगत वा कुनै अरु सन्देशहरुको गोपनियता वा सुरक्षाको जिम्मेवारी बैंकले दिने छैन । सिस्टम तथा नेटवर्क वा त्यसको काम वा कार्यसम्पादनसँग सम्बन्धित वा यस सेवासँग सम्बन्धित ग्राहक वा कुनै अन्य व्यक्तिका कारण ग्राहकले कुनै क्षति वा नोक्सानी बेहोर्नु परेमा बैंक जिम्मेवार रहने छैन ।

२.५ उल्लेखित तोकिएका शर्त तथा नियमहरु बाहेक, यस सेवासँग सम्बन्धित संचार संजाल र बैंकको सिस्टममा कुनै प्रकारको गडवदि, बाधा उत्पन्न भएमा, सेवा अवरुद्द भएमा, निलम्बनमा परेमा जस्ता कुनै पनि कारणबाट उत्पन्न हुने क्षतिहरुका कारणले बैंकले ग्राहकको अनुरोध प्राप्त गर्न वा कार्यान्वयन गर्नमा बाधा भएमा बैंक वा बैंकका कर्मचारीहरु जिम्मेवार रहने छैनन् ।

२.६ प्रयोगकर्ताको नाम तथा पासवोर्ड गोप्य राख्न ग्राहकको कर्तव्य हुनेछ र प्रयोगकर्ताको नाम तथा पासवोर्ड प्रयोग गरी गरिएका कुनै पनि कारोवार ग्राहकको ज्ञान तथा सहमतीमा गरिएको मानिने छ । कुनैपनि रकम झिक्न्/रकमान्तर गर्न भुक्तानी गर्न ग्राहकको खाता डेविट गर्ने अख्तियार बैंकमा निहित रहने छ ।

२.७ ***प्रभु*** ई-बैंकिङ्ग संचालनको लागि खातावालाहरुले आफ्नो खाता अरु कुनै खातासँग लिङ्क (link) गर्न सहमति दिएमा सबै ई-बैंकिङ्गबाट गरिएको कारोवारको जिम्मेवारी स्वयम् खातावालाले लिनुपर्ने छ ।

२.८ बैंकले ग्राहक वा ग्राहक भनि दावी गर्ने कुनै आधिकारिक वा अनाधिकृत व्यक्तिले दिएको आदेशको पालना गर्दा ग्राहकले वा कुनै तेस्रो पक्षले क्षति बेहोर्नु परेमा त्यसमा बैंकको कुनै दायित्व रहने छैन ।

२.९ उल्लेखित अवस्थामा समेत बैंकको कुनै पनि दायित्व रहने छैन:

२.९.१ कुनै प्राप्त आदेश असल नियतले पालना गर्दा

२.९.२ बैंकले कुनै वा सबै आदेशहरुको पालना गर्दा गल्ती, असक्षम, विलम्ब वा असफल भएमा

२.९.३ जानकारी/आदेशहरु सम्बन्धित पक्षसम्म स्थानान्तरण/हस्तान्ताण हुनु अगावै हराएमा वा क्षति भएमा

२.९.४ कुनै जानकारी/ग्राहकले दिएको आदेशमा कुनै व्यक्तिको अनाधिकृत पँहुच भएमा वा गोपनियता भंग भएमा वा ईमेलको अनाधिकृत पँहुच वा प्रयोग भएमा

**३. यस सेवाको लागि ग्राह्यः**

३.१ ई-बैंकिङ्ग सेवा नितान्त व्यक्तिगत प्रयोजनको लागि मात्र प्रयोग गर्नु पर्ने छ ।

३.२ यस बैंकमा बचत, कल वा चल्ती खाता भएका ग्राहकहरु अथवा ग्राहकको खाता संचालन गर्नको लागि विना शर्त अख्तियार प्राप्त कुनै पनि व्यक्ति ।

३.३ यदि संयुक्त खाता भएमा, संयुक्त खातावालाहरुले यस सेवा प्रयोग गर्नको लागी लिखित रुपमा अख्तियारी आज्ञापत्र/आदेश उपलब्ध गराउनु पर्दछ । यस्तो सेवा प्रयोगबाट भए गरेका कारोवारहरुको दायित्व संयुक्त खातावालाहरु एकल तथा संयुक्त रुपमा रहने छ ।

३.४ यदि खातावाला नाबालक भएमा, खाता खोल्ने आवेदन फारममा उल्लेख भएको अभिभावक नै यस सेवा संचालन गर्न ग्राह्य हुनेछ ।

३.५. कुनै कारण खुलाइ वा नखुलाई कुनै पनि ई-बैंकिङ्ग सेवाको आवेदन स्वीकार गर्ने वा नगर्ने अधिकार बैंकमा निहित रहने छ ।

**४. शुल्कहरुः**

४.१ बैंकले समय समयमा ग्राहकलाई लिखित जानकारी दिई वा नदिई ई बैंकिङ्ग सेवामा लागु हुने वार्षिक सेवा शुल्क वा कारोवार शुल्क निर्धारण र परिवर्तन गर्न सक्दछ । ग्राहकले सम्बन्धित ई बैंकिङ्ग सेवाको प्रयोग कायम राखेमा, सो शुल्कहरु मंजुर गरेको सम्झनु पर्छ ।

४.२ बैंकले समय समयमा निर्धारण गरे बमोजिमका शुल्क तथा दस्तुरहरु तथा अन्य दायित्व लगायत कानुनी शुल्क ग्राहकको खाताबाट कट्टी गर्ने अधिकार रहनेछ, सेवा प्रयोगकर्ताले सो सम्बँन्धि पूर्ण अख्तियारी बैंकलाइ प्रदान गर्नेछ ।

**५. क्षतिपुर्तिः**

५.१ ग्राहक बैंकले प्रदान गरेको ई-बैंकिङ्ग सेवाको सबै कारोवारको पूर्ण रुपमा जिम्मेवार रहने छ र सो को लागि जुनसुकै समय पनि बचनबद्ध रहने छ ।

५.२ बैंकले, बैंकको ग्राहकले वा कुनै तेस्रो पक्षले कुनै क्षति ब्यहोर्नु परेमा वा कुनै तेस्रो पक्षले सो सेवा वापत दावी गरेमा ग्राहकले क्षतिपूर्ति प्रदान गर्नु पर्दछ ।

५.३ ग्राहक यस सेवा तथा बैंकले भविष्यमा उपलब्ध गराउने यस सेवासँग सम्बन्धित अरु कुनै सेवाहरुको शर्त तथा नियमहरु पालना गर्न मंजुर गर्नु पर्दछ ।

**६.** ग्राहकले ई-बैंकिङ्ग सेवा मार्फत भुक्तानी वा रकमान्तर गरिसकेपछि सो कारोवार बदर गरिने छैन । भुल बस कुनै कारोबार भएमा समेत रकम जम्मा भएको खातावालाबाट लिखित स्विकृती प्राप्त नभएमा कारोवार बदर वा रोक्का गरिने छैन ।

**७.** सेवा लिन नचाहेमा सेवा नविकरण गर्ने मितिको कम्तिमा एक महिना अगाडिनै लिखित जानकारी बैंकमा दिनुपर्ने छ, अन्यथा सेवा स्वतः नविकरण गरिने र सो वापतको शुल्क खाताबाट कट्टि गरिनेछ । उल्लेखित मितिसम्म सेवा नलिने सूचना नदिएमा खाताबाट खर्च गरी लिईएको शुल्क फिर्ता गरिनेछैन र शुल्क असुल गर्न पर्याप्त मौज्दात नभएमा सेवा नविकरण गरिने छैन ।

मितिः ________________ ____________________ ____________________

आवेदकको हस्ताक्षर